VERMONT
DEPARTMENT OF HEALTH

# आँधी-बेह्री

आँधी-बेह्री भनेको चर्को बतास र पानीसँगै आउने तुफान हो। सुरक्षित रहनको लागि निम्न निर्देशनहरू पालना गर्नुहोस्।

कोही घाइते भएको वा खतरामा रहेको बेला 9-1-1 मा कल गरे जस्तै, तपाईंले अरू समस्याहरू, जस्तै मौसम खराबीहरूको बारे जानकारी पाउनको लागि 2-1-1 मा कल गर्न सक्नुहुन्छ। तपाईंको फोनबाट 2-1-1 डायल गर्नुहोस् र तपाईंले बोल्ने भाषा भन्नुहोस्। कसैले तपाईंको प्रश्नहरूको उत्तर तपाईंको भाषामा दिनेछ।

*आँधी-बेह्री सावधानी* भन्नाले आँधी-बेह्री अर्को एक वा दुई दिनमा आउन सक्नेछ।
*आँधी-बेह्री चेतावनी* भन्नाले आँधी-बेह्री अर्को दिनमा आउँदैछ।

**रेडियो सुन्नुहोस्।**

- तपाईंको भाषामा जानकारी पाउनको लागि रेडियो स्टेशन _____ सुन्नुहोस्। तपाईंले आफ्नो भाषा नसुनिन्जेल सम्म के भइरहेको छ र तपाईंले के गर्नुपर्छ भन्ने कुरा जान्नको लागि रेडियो सुनि राख्नुहोस्। – वा –
- के भइरहेको छ र तपाईंले के गर्नुपर्छ भन्ने कुरा बुझ्नको लागि अङ्ग्रेजी बुझ्ने कुनै व्यक्तिलाई रेडियो समक्ष राखि सुन्न लगाउनुहोस्।

**तयार हुनुहोस्:**

- यदि तपाईंसँग सेल फोन छ भने, पूर्ण  रूपमा चार्ज गर्नुहोस्।
- तपाईंको कारको ग्याँस ट्याङ्क भर्नुहोस्।
- केही दिन सम्म पुग्ने गरि खानेकुरा र बोतलको पानीहरू खरिद गर्नुहोस्।
- बाहिर राख्ने सामानहरू भित्र ल्याउनुहोस्, जस्तै साइकल।
- साना घरायसी सामानहरू जस्तै टिभि र माइक्रोवेभहरू बन्द गर्नुहोस्।
- बाथटबहरू, सिङ्कहर र जगहरू सफा पानीले भर्नुहोस्। यस पानीलाई खान, धुन, र चर्पी सफा गर्न प्रयोग गर्न सकिन्छ।

**आँधी-बेह्री समयमा सुरक्षित रहनुहोस्।**

**घरमा:**

- भित्रै बस्नुहोस्। झ्यालहरूबाट पर रहनुहोस्। तुफानले गर्दा झ्यालहरू फुट्न सक्छन्।
- तपाईंको घरको सबैभन्दा तल्लो तहमा जानुहोस् र झ्यालहरूबाट पर रहनुहोस्।
- तपाईंको खाने कुरा चिसो राख्नको लागि रेफ्रिजिरेटर र फ्रिजरलाई बन्द राख्नुहोस्।
- आपत्कलिन भएमा मात्रै फोनको प्रयोग गर्नुहोस्।
- यदि तपाईंकोमा बिजुली गयो भने, बाहिरको पकाउने ग्रिलहरू भित्र ल्याएर प्रयोग नगर्नुहोस्। तिनीहरूले ग्याँस निकाल्छन् जस्ले तपाईंलाई हानी गर्न वा ज्यान लिन सक्छ।
- बाहिर शान्त भयो भन्दैमा तुफान कम भएको नसोँच्नुहोस्। तुफान फेरि तुरुन्तै सुरु हुन सक्छ।
- यदि तपाईंको घर भित्र पानी छिर्यो भने, तपाईंको घरबाट बाहिर निस्कनुहोस् र उच्च जमीन भएको ठाउँ तर्फ जानुहोस्।

**कार भित्र:**

- आँधी-बेह्रीको समयमा सवारी नचलाउनुहोस्। चर्को बतास, वर्षा र बाढीको कारणले गर्दा सवारी चलाउन असुरक्षित हुन सक्छ।
- यदि तपाईंलाई सवारी चलाउनु छ भने, सुरक्षित रोडहरू मात्रै प्रयोग गर्नुहोस्।
- तगारोहरू वरिपरि नचलाउनुहोस्।
- बन्द भनेर निर्देशित रोडहरूको प्रयोग नगर्नुहोस्।
- बाढीको पानीमा सवारी नचलाउनुहोस्। गहिरो नभएको पानीले पनि कारलाई तैराउन सक्छ।
- यदि तपाईंको कार पानीमा आएर रोकियो भने, कारबाट निस्कनुहोस् र उच्च जमीन भएको ठाउँ तर्फ जानुहोस्।
- देख्न गाह्रो हुने रातको समयमा सवारी नचलाउनुहोस्।

**तुफान पछि:**

- रेडियो सुन्नुहोस् र के गर्ने भनि पत्ता लगाउनुहोस्।
- अब सुरक्षित छ भनेर नभनेसम्म तपाईं जहाँको त्यहिँ रहनुहोस्।
- खसेका विद्युतीय तारहरूबाट पर रहनुहोस्।
- यदि आवश्यक परेको खण्डमा मात्रै सवारी चलाउनुहोस्। बाटोहरू असुरक्षित हुन सक्छ।